# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०७।१६ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहट, चन्द्रपुर नगरपालिका, नगरपालिकाको कार्यालयसमेतले आशिक कन्स्ट्रक्सनसँगको मिलेमतोमा उक्त नगरपालिका अन्तर्गत पर्ने चाँदी नदीको नदीजन्य पदार्थ उत्खनन एवं बिक्री गर्न लगाएको बोलपत्र नं. १९/०७७/०७८ समेतको ठेक्कामा अनियमित तवरले नदीजन्य पदार्थ उत्खनन गरी राजस्व छली गरेको भन्ने उजुरी निवेदन सम्वन्धमा अनुसनधान हुँदा चन्द्रपुर नगरपालिका, रौतहटले आ.व. २०७७/०७८ मा ठेक्का नं. १९/०७७/०७८, चाँदी नदीको राजमार्ग दक्षिण नदीजन्य पदार्थ बिक्री-मरधर ठेक्का आशिक कन्स्ट्रकसन रौतहटसँग सम्झौता गर्दा तोकिएको नगद तथा बैंक जमानत पेश नगरी नलिई मूल्य अभिबृद्धि करसमेत दाखिला नगरी नगराई **रु.१७,६८,०००।-** (सत्र लाख अठ्सठ्ठी हजार रुपैयाँ) बराबरको घटी राजस्व रकम असुल गरी राजस्व चुहावट गरी गराई भ्रष्टाचारजन्य कसुर गरेको र स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा रहेको प्रावधान विपरीत तोकिएको परिमाण भन्दा बढी नदीजन्य पदार्थ अबैध रुपमा उत्खनन् गरी/गराई **रु.३७,३४,१९८।०६** (सैतीस लाख चौतीस हजार एक सय अन्ठानब्बे रुपैयाँ छ पैसा) रकम बराबरको अवैध रुपमा अधिक नदीजन्य पदार्थ उत्खनन गरी/गराई नगरपालिकालाई उक्त रकम बराबर राजस्व हानिनोक्सानी पुऱ्याई जम्मा **रु.५५,०२,१९८।०६** (पचपन्न लाख दुई हजार एक सय अन्ठानव्वे रुपैया छ पैसा) रकम राजस्व चुहावट गरी भ्रष्टाचार गरेको पुष्टि भएको हुँदा उक्त कसुरमा संलग्न प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद सिग्देल र लेखा अधिकृत/राजस्व शाखा प्रमुख किर्तिराज सुवेदी | चन्द्रपुर नगरपालिका, रौतहट | रु.५५,०२,१९८।०६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैदको सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकम रु.५५,०२,१९८।०६ को दोव्वर जरिवाना हुन समेत सजायको मागदावी लिइएको छ। |
| २. | आशिक कन्स्ट्रक्सनका सञ्चालक राम विनोद राउत बरै | आशिक कन्स्ट्रक्सन जिल्ला रौतहट वृन्दावन न.पा.-६ | रु.५५,०२,१९८।०६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) वमोजिमको कसुर जन्य कार्यको सोही ऐनको दफा २२ वमोजिमको मतियारको कसुरमा मुख्य कसुरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) |

| | | | | |
|---|---|---|---|---|
| | | | | को देहाय (ज) बमोजिम हुने कैदको सजाय र ऐ.ऐनको दफा ७ वमोजिम हुने जरिवानालाई आधार मानी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारहरुलाई हुने सजाय सरह सजाय हुन मागदावी लिइएको छ। |
| ३. | तत्कालीन नगर प्रमुख रामचन्द्र चौधरी | चन्द्रपुर नगरपालिका, रौतहट | रु.३७,३४,१९८।०६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैदको सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रकम रु.३७,३४,१९८।०६ को दोव्वर जरिवाना हुन समेत सजायको मागदावी लिइएको छ। |

प्रवक्ता
भोला दाहाल